# नागार्जुन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सीतापाईला, काठमाडौं

# नागार्जुन नगरपालिकाको आ.व. २०७७/०७८ को चौथो नगर सभाको बैठक २०७७/०३/१० गतेको लागि मिति २०७७/०३/०८ गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम, २०७७

## निर्णय नं. १

यस नागार्जुन नगरपालिकाको आ.व. २०७७/०७८ को निम्न बमोजिमको नीति तथा कार्यक्रमलाई अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## नीति तथा कार्यक्रम

काठमाण्डौं जिल्लाको साविकको स्युचाटार, सितापाइला, इचंगुनारायण, रामकोट रभिमढुंगा गा.वि.स. मिलाएर वि.स.२०७१ मा नागार्जुन नगरपालिका स्थापना भएको हो । पुर्वाधार खडा गरेर नगरपालिका घोषणा गर्ने कि नगरपालिका घोषणा गरेर पुर्वाधार विकास गर्दै जाने भन्ने दुई अवधारणा मध्येमा विकासको अन्त्य नहुने र समयसापेक्ष विकासका मानक र सुचक पनि थपिदै जाने भएकोले नेपाल सरकारले दोश्रो अवधारणामा आधारित भई यस नगरपालिकाको स्थापना गरेको देखिन्छ तसर्थ २०७२ सालमा नेपालको संविधानमै ७५३ स्थानीय तहलाई अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा स्थापना गरि निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वमा नगरको विकास व्यवस्थापन र सेवा प्रवाह लगायतका सेवाहरु प्रभावकारी बनाउदै स्थानीय सरकारको अनुभुति दिलाउन सफल भईरहेकोमा अवअरु संग तुलना नगरि संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र आफ्नै आन्तरिक आयवाट स्थानीय सापेक्षतामा भौतिक र संस्थागत पुर्वाधार तय गर्दै अपेक्षित रुपमा गुणात्मक फड्कोलिन तथा आज नेपाल मात्र नभई विश्व नै कोभिड-१९ कोरोना महामारीको चपेटामा परेको अवस्थामा यसवाट आर्थिक सामाजिक क्षेत्रमा परेको प्रभावको न्युनिकरण गर्न नगरपालिकाको चौथो नगर सभामा मुख्यतयः १. **सामाजिक विकास ( स्वास्थ्य, शिक्षा) २. आर्थिक विकास (कृषि, उद्योग, रोजगारी सृजना) ३. भौतिक विकास (विकास निर्माण तथा विपद व्यवस्थापन) एवम ४. सुशासन** गरि चारवटा प्राथमिकताका क्षेत्र तय गरि **'समृद्ध नागार्जुनको आधार, पर्यटन सहितको पुर्वाधार र आवाशिय नगर'** को दीर्घकालीन लक्ष्य हासिल गर्न तपशिल बमोजिमका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने नीति लिइनेछ ।

## नीतिहरूः

१) स्थानीय तहको कार्यक्रम तथा वजेट तर्जुमा दिग्दर्शन २०७४, ( संशोधित) वमोजिम विभिन्न माध्यमवाट वस्तीस्तरवाटै नागरिकको सहभागितामा योजना र कार्यक्रम पहिचान, तथा सम्वन्धित वडा समितिको प्राथमिकिकरणमा सिफारिश भएका वडास्तरका योजनाहरुलाई कार्यान्वयन गर्ने नीति लिइने छ । साथै आगामी २ वर्ष भित्र अपेक्षित लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरि **नगरस्तरिय गौरवका योजना र कार्यक्रम** लाईउच्च प्राथमिकताका साथ सम्पन्न गर्न नगर, प्रदेश, तथा संघवाट थप श्रोतको व्यवस्थाका लागि पहल गरिनेछ । नगरमा प्राप्त श्रोतवाट कुनै योजनाका लागि रकम विनियोजन गर्न अपर्यप्त हुन गई पछि कुनै निकायवाट श्रोत उपलव्ध हुन गएमा, वा अन्य निकाय एवम नेपाल सरकार समक्ष योजना पेश गर्न वडा समितिवाट सिफारिश भएका योजनाको सुनिश्चितताका लागि योजनाको सम्भाव्यता अध्ययन गरि विस्तृत परियोजना प्रतिवेदन सहित **आयोजना वैंक** Project Bank मा सुचिकृत गरिनेछ ।

२) वस्ती तथा टोलको पहिचान तथा वडासमितिको निर्णयवाट सिफारिश भएका वडास्तरीय योजनाहरु कार्यन्वयनार्थ आगामी आ.व. ०७७/०७८ मा रु.१,५०,००,०००।०० (एक करोड पचास लाख) मात्र अनुदान उपलब्ध गराइनेछ । उपलब्ध अनुदान वाट **भौतिक पुर्वाधार तर्फ ७० प्रतिशत र सामाजिक तथा आर्थिक विकास (स्वास्थ्य, शिक्षा, कृषि, वालवालिका, ज्येष्ठ सहित लक्ष्यित समुह) तथा प्रशासनिक खर्च तर्फ ३० प्रतिशत रकम**विनियोजन गर्नुपर्नेछ । **वडास्तरीय गौरवका कम्तिमा एक आयोजना/कार्यक्रम छनौट गरि विस लाख वा सो भन्दा वढि** रकम विनियोजन गर्नु पर्नेछ । **भौतिक पुर्वाधार तर्फ दुई लाख भन्दा घटि**का र **सामाजिक तथा प्रवर्द्धनात्मक तर्फ एक लाख भन्दा घटि**का **योजना तथा कार्यक्रम** छनौट गर्न पाइने छैन ।

## क. सामाजिक विकास :

३) **"मानव जीवनका तीन अवस्था : प्रत्येक अवस्थामा नागार्जुनको फरक कार्यक्रमको व्यवस्था"** अन्तर्गत
**क. वालवालिकालाई शिक्षा, स्वास्थ्य, पोषण,**
**ख. युवालाई सीप, उद्यमशिलता र रोजगारी र**
**ग. ज्येष्ठलाई सम्मान, सहयोग र सुरक्षा"** का लागि आवश्यक कार्यक्रम र रकम विनियोजन गरिनेछ ।

४) नगरपालिका भित्रका विपन्न वर्गका बालबालिकाहरुको स्वास्थ्य प्रबर्द्धनमा सहयोग तथा जन्म दर्ता गर्न पाउने बाल अधिकारको संरक्षण, एवम घटना घटे लगत्तै घटना दर्ता गर्नुपर्छ भन्ने सन्देश प्रवाह गराउनका लागि **बच्चा जन्मेको ३५ दिन भित्रमा जन्मदर्ता गराए**मा नगरपालिकाले **जन्मदर्ता गराए वापत रु. १०००। (एक हजार) प्रोत्साहन भत्ता** दिने व्यवस्था मिलाइनेछ ।

५) नगरपालिका अन्तर्गतका बाल विकास केन्द्र तथा सामुदायिक विद्यालयहरुको अवस्था सुधार गर्दै विपन्न वर्गका बालबालिकाहरुको पहुच पुग्न सक्ने गरी पूर्वाधार निर्माण व्यवस्थापन तथा **नगरपालिका भित्रका कक्षा १ सम्मका विद्यार्थीहरुका लागि विद्यालय खाजा जस्ता पोषण कार्यक्रम** शुरु गरिनेछ । सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि समुदाय तथा नगर वाट गरिने अनुगमन प्रभावकारी वनाइनेछ ।

६. **"वालवालिका भविष्यको कर्णधार र वर्तमानको साँझेदार हुन"** तसर्थ वालवालिकाको सर्वाङ्गिण विकास र आन्तरिक पर्यटन प्रर्वद्धनमा समेत सकारात्मक योगदान पुग्ने भएकोले जग्गाको व्यवस्थापन, उपर्युक्त सम्भावना आदिको आधारमा सवै वडा तथा पायक पर्ने अन्य उचित स्थानमा वाल उद्यान (Children Park) निर्माण गरिनेछ । नगर भित्र रहेका स्वीटजरल्याण्ड पार्क लगायत अन्य पार्कको उचित विकास र पर्यटन प्रर्वद्धनका लागि पर्यटन गुरुयोजना निर्माण गरि योजना तथा कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार तथा संघ (संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय) मा समेत अनुरोध गरिनेछ ।

७) नगर भित्र गुणस्तरिय शिक्षा हासिल गर्ने प्रतिष्पर्धात्मक वातावरणको सृजना गर्न उच्च अंक ल्याउने **नागार्जुन नगर टपर छात्र १, छात्रा १** एवं **प्रत्येक वडामा विद्यालय प्रथम हुने आधारभुत विद्यालय, तथा मा.वि.का बालबालिकाहरुको सम्मान तथा पुरस्कृत** गर्ने नीति लिइनेछ

८) **स्वास्थ्य नै सम्पति हो** तसर्थ राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पहल गर्नुका साथै विपद र महामारीको समयमा नगरवासीलाई सहजता र सहयोगका लागि **एम्वुलेन्स, शव वाहन र दमकलको सेवा** प्रभावकारी वनाइनेछ । स्वास्थ्य कार्यक्रमको आधारस्तम्भको रुपमा विगत लामो समयदेखि कार्यरत महिला स्वयमसेविकाहरुलाई दिइएको सेवा सुविधालाई निरन्तरता दिइनेछ ।

९) नगरपालिकाको वडा नं. १ मा रहेको शहरी विकास तथा सामुदायिक भवनमा नागार्जुन अस्पतालको स्थापना एवम विकास गर्न सम्वन्धित निकायहरु शहरी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरिनेछ । यसका साथै रामकोट प्राथमिक स्वास्थ्य केन्द्र, अन्य वडाका स्वास्थ्य केन्द्र तथा शहरी स्वास्थ्य केन्द्रहरुलाई आधारभुत स्वास्थ्य सेवाका लागि सक्षम वनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ साथै कोभिड १९ कोरोना महामारीको जाँच तथा सुरक्षाका लागि आवश्यक सावुन, मास्क, स्यानीटाइजर, पिपिई, खरिद एवम क्वारेण्टाइन स्थल निर्माण गर्नुका साथै पिसिआर मेशिन खरिद गरिनेछ ।

१०) **स्वास्थ्यका लागि खेलकुद** अन्तर्गत नगरपालिकाका खेलप्रेमीहरुलाई स्वस्थ्य र अनुशासित वनाई उत्कृष्ट खेलाडी उत्पादनमा सहयोग पुर्याउन उपर्युक्त अवसरमा **मेयर/उपमेयर (नागार्जुन) कप खेलकुद** जस्तै फुटवल, भलिवल, व्याडमिण्टन आदि प्रतियोगिता आयोजना गरिनेछ आगामी आ.व.मा एक कभर्ड हल वा वहुउदेश्यीय भवन निर्माण गर्नुका साथै सवै वडामा एक वडा एक खेल मैदान निर्माण र स्तरोन्नतिका लागि थप पहल गरिनेछ ।

११) **जेष्ठ नागरिकहरु जिउदो इतिहास हुन उहाँहरु प्रेरणाका श्रोत हुन** तसर्थ उहाँहरुलाइ एउटै थलोमा भेला भई भलाकुसारी गर्न र जीवनोपयोगि अनुभवहरु आदान प्रदान गर्न नगरपालिकाका विभिन्न

स्थानमा **जेष्ठ नागरिक मिलन केन्द्र/ चौतारो निर्माण**का साथै **ज्येष्ठ नागरिक र फरक क्षमता भएका नागरिकहरुका लागि स्वास्थ्य संस्था तथा यातायात सेवामा छुटका सुविधा**का लागि सम्वन्धित निकायमा पहल सहित विभिन्न कल्याणकारी कार्यक्रम कार्यन्वयन गर्न प्राथमिकता दिइनेछ साथै परिचय पत्र वितरण तथा सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज र थप प्रभावकारी  वनाइनेछ ।

## ख. आर्थिक विकास

१) देश भित्रकै वढ्दो वेरोजगारी तथा कोभिड १९ को कारण विदेशवाट फर्केका जनशक्तिलाई रोजगारीका माध्यमवाट आर्थिक समृद्धिमा टेवा पुर्‍याउन आवश्यक पर्ने सिप, क्षमता र लगानीका लागि सरोकारवाला निकायको प्रत्यक्ष र परोक्ष समन्वय र सहयोगमा आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ ।

२) नगरको वास्तविक अवस्था अनुरुप नगरभित्रका क्षेत्रलाई **कृषि क्षेत्र, औधोगिक क्षेत्र, आवासिय क्षेत्र** छुट्याई सडकमा गरिने लगानीलाई प्राथमिकिकरण गर्न, वस्तीहरुलाई सुन्दर र सुरक्षित वनाउन तथा जनताको सहभागितामा नगर यातायात गुरुयोजना तयार गरि सडकहरुको सडक अधिकार क्षेत्र निर्धारण गरिनेछ **कलंकी-सितापाइला-भिमढुंगा सडक लगायत नगर भित्रका अन्य सडक**को सडक अधिकार क्षेत्रवारे नागरिक लाई सुसुचित हुने व्यवस्था मिलाइनेछ, नगरका सवै वडा केन्द्रहरुवाट नगरपालिकाको केन्द्र जोड्न तथा प्रदेश सरकारवाट घोषित काठ चक्रपथको शिघ्रनिर्माणका लागि अनुरोधगरिनेछ ।

३) नगरपालिका भित्रका विपन्न एवम महिलाहरुको क्षमता अभिवृद्धि गर्न सीपमूलक तालिम प्रदान गरी आत्मनिर्भरता तर्फ उन्मुख गराउन **"उपप्रमुख विपन्नलाई आय, पिडितलाई न्याय"** कार्यक्रम संघ संस्थाहरु संग सहकार्य गरी अगाडी बढाइनेछ भने स्थानीय उत्पादनको विक्रि वितरणका लागि उपयुक्त स्थानमा **कोशेली घर** स्थापना गरिनेछ यसका साथै **एक स्थानीय तहः एक औधोगिक ग्राम** स्थापनाका लागि अध्ययन गर्नुका साथै कृषि/पशु प्राविधिक, प्लम्वर, इलेक्ट्रिसियन जस्ता प्राविधिक जनशक्ति उत्पादन गर्न सामुदायिक विद्यालयमा प्राविधिक तालिम तथा अध्ययनको व्यवस्था मिलाइनेछ ।

३) यस नगरपालिकाका अधिकांश भुभाग ग्रामिण तथा कृषि क्षेत्रयुक्त भएकोले वडा नं. ३,५,६,७,८ मा तरकारी र मासुको उत्पादन केन्द र वडा नं.१,२,३,४,९,१० को उपयुर्क्त स्थानमा कृषि वजार केन्द्र, कोल्ड स्टोर तथा नगरस्तरिय विउ विजन केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाइनेछ । कृषिको व्यवसायिकीकरण र विविधिकरणका लागि आवश्यक पर्ने मल विउ, सिञ्चाई तथा कृषि उत्पादनको वजारीकरण गर्न निजी तथा सहकारी क्षेत्र लगायत सरोकारवाला निकायको सहकार्य र समन्वयमा उपयुर्क्त योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि कृषि ऋृण तथा अनुदानको व्यवस्था गरि आ.व.को प्रारम्भमै उपयुर्क्त कार्यविधि तर्जुमा गरि कार्यन्वयनको व्यवस्था मिलाइनेछ साथै **कौशि खेति**लाई अभियानको रुपमा सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४) नगरपालिकालाई सदैव सफा राख्न, फोहोर लाई श्रोतमै घटाउन घरवाट निस्किएका फोहोरलाई सेग्रिगेसन तथा प्रशोधन गरि  Low volume, high Value प्राप्त गर्न प्रशोधन प्लाण्ट, कृषि मल कारखाना लगायतका पुर्वाधार स्थापनाका लागि प्रदेश सरकार, संघीय सरकार संग समन्वय र सहकार्यका लागि पहल गरिनेछ ।

## ग. विपद व्यवस्थापन तथा भौतिक पुर्वाधार

१) आगामी आ.व.मा विगतमा प्रारम्भ भई पुरा हुन वाँकी अधुरा योजना सम्पन्न गर्न प्राथमिकता दिइनेछ भने **दिगो विकास तथा रोजगारी सृजनाका लागि नागरिक सहभागिता** अभिवृद्धि गर्न योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई जोड दिइनेछ ।

२) नगरपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा ढल (ड्रेन) निर्माण गर्न प्रोत्साहित गरिनेछ र ड्रेन निर्माण सम्पन्न  सडकलाई पहिलो प्राथमिकतामा राखी कालोपत्रे गर्ने नीति लिइनेछ । र अन्य ग्रामिण सडकहरुमा पनि ग्राभेल गरी स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३) भुकम्प लगायत विपदको समयमा व्यक्तिगत तथा सार्वजनिक भवनहरु भत्कन गई धनजनको क्षति हुने संभावनालाई न्युनिकरण गर्न र वस्तीहरुमा भौतिक पुर्वाधारका संरचनाहरु व्यवस्थित वनाउदै सुरक्षित घर वनाउन **बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२** प्रभावकारी रुपमा कार्यन्वयन गर्दै लगिनेछ र आगामी दिनमा घर नक्सा पास कार्यलाई Electronic permit system तर्फ लैजान आवश्यक व्यवस्था मिलाइनेछ ।

४) नगरसभावाट योजना स्वीकृत नगरी आफू खुशी योजना शुरु गरी निर्माण भईसकेका योजनाहरुमा नगरपालिकाले आर्थिक व्ययभार गर्ने भनि योजना माग भइ आएमा त्यस्ता योजनाहरुलाई नगरपालिकाले स्वीकृति नदिने र बजेटको व्यवस्था पनि नगरिने नीति लिइनेछ ।

५) नगरपालिकाबाट संचालन एवम निर्माण हुने पूर्वाधारको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङकन कार्य व्यवस्थित गरिनेछ साथै योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परिक्षण अनिवार्य गर्नुका साथै अनुगमन समितिको सिफारिश विना भुक्तानी गरिने छैन ।

६) नेपाल वहुप्रकोपिय क्षेत्रमा पर्ने मुलुक भएकोले नगरमा सम्भावित विपद जोखिम व्यवस्थापनलाई प्रभावकारी वनाउन नगरप्रहरीको गठन तथा क्षमता विकास, परिचालन, उद्धार र राहतका सामग्री भण्डारण र परिचालन गर्ने नीति लिइनेछ ।

७) नगरक्षेत्र भित्र विस्तार हुने शहरीक्षेत्रमा पुर्वाधारको निर्माण र सहजताका लागि वडाको सिफारिश तथा नगरपालिकाको सहमतिमा मात्र जग्गाको प्लानिङ्ग र प्लटिङ्ग गर्न पाइने नीति लिइनेछ ।

८) **"प्रकृति र संस्कृति दुवै जोगाऔ"** भन्ने भावना अनुरुप नगर भित्रका सम्पुर्ण जातजातिको भाषा, धर्म, संस्कृतीको संरक्षण र प्रर्वद्धनका लागि विभिन्न कार्यक्रमका साथै स्थान सापेक्ष होमस्टे, साहसिक खेल पर्यटन, जंगल सफारी, **रानीवन-इचंगुनारायण-चिसापानी-सेतोगुम्वा-भिमढुङ्गा-नर्सरी-स्वीट्जरल्याण्ड पार्क-स्युचाटार पदमार्ग तथा स्वयम्भू छग्डोल आदेश्वर हुदै ह्वाइट गुम्बासम्म** उपयुर्क्त साइकल मार्ग विकास लगायत नगर भित्रका पर्यटकिय स्थलको विकास र प्रवृर्द्धन गरिनेछ ।

## घ. सस्थागत विकास एवं सुशासन :

१) **"विवाद् समाधानबाट स्थानीय शान्ति : मेलमिलाप र न्यायिक समिति"** भन्ने अभिप्राय अनुरुप मेलमिलाप सम्बन्धी तालिम तथा क्षमता विकास गरी न्ययिक समितिको कार्यलाई मेलमिलाप प्रकृयाबाट समाधान गर्न प्राथामिकता दिँदै स्थानीयस्तरमै विवाद समाधान गर्न प्रत्येक वडामा कम्तीमा एक मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलाप सेवालाई व्यवस्थापन गरिनेछ ।

२. **"प्रश्न, संवाद र अभ्यासले व्यक्तिको उन्नती र समाजको अग्रगामी परिवर्तनमा प्रत्यक्ष सहयोग पुर्याउछ"** तसर्थ व्यक्तिका अधिकार र सामाजिक दायित्ववोध, सेवा प्रवाह, विकास निर्माण आदि विषयमा हाल सञ्चालन गरिएको सरोकारवाला निकाय र पदाधिकारी संगको योजना निर्माणमा राय परामर्श, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता विभिन्न अन्तरक्रिया र अन्तरसम्वाद छलफल कार्यक्रमलाई निरन्तरता दिइनेछ । शहरी जीवनलाई सहज वनाई जीवनपद्धतिको रुपमा विकास गर्न स्वास्थ्य संस्था, आर्युवेद औषधालय आदिको समन्वयमा योग प्रशिक्षणलाई अझ व्यपक वनाइनेछ ।

३) यस नगरपालिका क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, लगायत संघ संस्थाहरुलाई आफ्नो धर्म संस्कृतिको जगेर्नाका लागि प्रोत्साहन गर्न आवश्यक सहयोग गर्ने नीति लिइने छ ।

४) **"शहरी सुशासनका लागि बजार अनुगमन"** भन्ने ध्येय अनुरुप बजारमा खाद्यबस्तुको गुणस्तर, मुल्य सुची तथा कृत्रिम अभावको नियमनका लागिस्थानीय वजार व्यवस्थापन ऐन/कार्यविधि तर्जुमा गरि सरोकारवाला निकायको सहभागितामा नियमित बजार अनुगमन गरिनेछ ।

५) नगरपालिकावाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट संचालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागु गरिएको E-Bidding बाट खरिद गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६) नगरपालिका भित्रका सम्पूर्ण सरकारी, सार्वजनिक, ऐलानी पर्ती जग्गाहरु पहिचान गरी रेखांकन तथा लेखांकन एवम संरक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

७) वातावरणमैत्री स्थानीय शासनको अवधारणा अनुरुप यस नगरपालिकालाई वातावरणमैत्री नगरको रुपमा विकासका लागि लागि आवश्यक कार्यक्रम सन्चालन गरिने छ । प्रत्येक टोलका बाटोहरु, ऐलानी, पर्ति जग्गा तथा सार्वजनिक खोला किनारका स्थानहरुमा हरियाली प्रवर्द्धन हुने गरी उपयोगी विरुवाहरु वृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८) नगरपालिकावाट निस्कने फोहोरलाई दीर्घकालीन रुपमा व्यवस्थित गर्न सके मोहरमा परिणत गर्न सकिनेर सो कार्यका लागि आवश्यक लगानी, फाइदा र जोखिममा सांझेदारी गरिने अवधारणा अनुसार आगामी दिनमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार फोहोर व्यवस्थापन गर्न आवश्यक अध्ययन गरि प्राप्त निश्कर्ष कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

९. **आपसि सहकार्य र सामुहिक प्रयत्नवाट अविकासको स्थिति अन्त्य गर्न सकिन्छ** यसका लागि खुला, लोकतान्त्रिक, सामाजिक सहिष्णु एवम समतामुलक अन्तरघुलन आवश्यक भएकोले नगरको विकास र समृद्धिका लागि सकारात्मक सुझाव र पृष्ठपोषण प्राप्त गर्न संचार क्षेत्र संग समन्वयत्मक रुपमा विभिन्न कार्यक्रम  सञ्चालन गरिनेछ ।

१०. नगरपालिकामा आधारभुत सेवाको रुपमा रहेको खानेपानीको दीर्घकालीन रुपमा मुहान संरक्षण, रिर्जभ्वायर ट्यांकी निर्माण, डिप वोरिङ्ग, आदिको प्रभावकारी वितरण र व्यवस्थापनका लागि खानेपानी सञ्चालन सम्वन्धि उपयुर्क्त ऐन तथा कार्यविधि तर्जुमा गरि कार्यन्वयनमा ल्याइनेछ ।

११) नगरपालिकावाट प्रवाहित सेवा तथा वडा कार्यालयहरुवाट प्रवाह गरिनेव्यक्तिगत घटना दर्ता, आन्तरिक आय वुझाउन तथा  अन्य सेवा प्रवाह छरितो एवं प्रभावकारी वनाउन आगामी दिनमा सुचना प्रविधिको उपयोग गरि E governance तर्फ जाने व्यवस्था मिलाइनेछ ।

१२) मानव संशाधन विकास (जनप्रतिनिधि र कर्मचारी) को क्षमता विकासका लागि अनुशिक्षण तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. नगरपालिकाका कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव एवम शाखा, उपशाखा तथा इकाईहरुको कार्य बोझ तथा कार्यालयको आवश्यकताको आधारमा आन्तरिक शाखा सरुवा, मानव स्रोत परिचालन र पारदर्शी मापदण्ड निर्धारण गरी **राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड तथा सजाय**को व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।

१४) यस नगरपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत कर्मचारी दरवन्दी एवम नगरपालिकाको आवश्यकता अनुरुप विद्यमान सेवा प्रवाहको प्रभावकारीताको लागि नगर कार्यपालिकाको कार्यालयको संगठन संरचना **स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानद्धारा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०७६** प्राप्त भईसकेकोले सो प्रतिवेदनको आधारमा संगठन संरचना व्यवस्थापन गरिनेछ । साथै करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई कार्य आवश्यकताको आधारमा आगामी आ.व. २०७७/०७८ मा म्याद थप गरी कामकाज लगाईनेछ ।

१५) सेवाग्राहीले तोकिएको समयमा गुणस्तरिय सेवा पाउने अधिकारलाई सुनिश्चित गर्न नागरिक वडापत्र कार्यन्वयन एवम कर्मचारीको **समय पालन र कर्तव्य परायणमा** जोड दिइनेछ । कार्यालयमा रहदा कर्मचारीहरुले अनिवार्य रुपमा नेपाल सरकारबाट तोकिएको **पोशाक तथा परिचय-पत्र** लगाउनु पर्नेछ ।

१६) पदाधिकारी तथा कर्मचारीहरुले कार्यालयमा रहदा कानूनले तोकेको आचार संहिता पालना गर्न लगाईने छ । साथै सेवाग्राहीलाई सेवा प्रदान गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिदै शिष्ट एवं नरम व्यवहार तथा छिटो छरितो सेवा प्रवाह गरिनेछ ।

१७) नगरपालिकाको सेवा प्रवाह तथा विकास गतिविधि एवम अन्य क्रियाकलापहरुको जानकारी गराउन समय समयमा बुलेटिन प्रकाशन, नगरपालिकाको Website मार्फत सुचित, प्रचारप्रसार एवम सार्वजनिक गरिनेछ । र वार्षिक वजेट तथा कार्यक्रम नगरसभा वाट पारित भएपछि वेभसाइट तथा पुस्तिका प्रकाशन गरि जानकारी गराइनेछ नगरक्षेत्रका शिक्षित जनशक्ति, युवा, वालवालिका, फरक क्षमताका नागरिक तथा ज्येष्ठ नागरिकहरुको स्पष्ट विवरण खुल्ने गरि तथ्याङ्कव्यवस्थित गर्न नगर प्रोफाइल निर्माण एवम अध्यवधि गरिनेछ ।

१८) नगरपालिकाको विकास कुनै एक निकायको पहल वाट मात्र सम्भव नहुने र आफ्नो क्षेत्रको विकासको दायित्व नागरिकको पनि भएकोले सो को लागि आवश्यक पर्ने श्रोतको रुपमा नगरपालिकामा बुझाउने करको समयानुकुलदर र दायरा पहिचान तथा समायोजन गरिनेछ र नगरपालिका भित्र व्यापार व्यवसाय गरिरहेका करको दायरामा समेटिन वाँकी व्यवसायीलाई निश्चित समयअवधि भित्र सुचिकृत गराइनेछ ।

१९) नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय तथा अन्य विषयगत कार्यालयवाट सम्पादन गरिने योजना तथा कार्यक्रममा नागरिक एवम उपभोक्ता समितिलाई सहज, सरल र प्रभावकारी वनाउन आवश्यक तालिम तथा प्रशिक्षण सञ्चालन गर्नुका साथै अन्य सहजीकरणका थप उपायहरु कार्यन्वयन गरिनेछ ।

२०) आ.व. २०७६/७७ मा सम्झौता भई कार्यान्वयनमा रहेका ठेक्का प्रकृया तथा उपभोक्ता समितिबाट सञ्चालन भई **विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट घोषणा भएको लकडाउनका कारण समयमै** सम्पन्न हुन नसकेका नगरपालिकाको आन्तरिक श्रोतका योजनाहरूलाई २०७७ साल कार्तिक मसान्तसम्म म्याद थप गरी कामकाज गर्न निरन्तरता दिन नगर सभामा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

माथि प्रस्ताव नं. १ को नगर सभा सम्बन्धमा छलफल गर्दा आ.व. २०७७/०७८ को लागि रकम रू.१,५९,२२,०७,०००/-(एक अर्व उनान्साठ्ठी करोड बाईस लाख सात हजार) मात्रको आयव्यय अनुमोदन गरी नीति तथा कार्यक्रम नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| नागार्जुन नगरपालिकाको आ. व. २०७७/७८ को आयव्यय विवरण | | | |
|---|---|---|---|
| **नागार्जुन नगरपालिकाको आर्थिक बर्ष २०७७/७८ को अनुमानित आय** | | | |
| सि.नं. | शिर्षक | स्रोत | रकम |
| १ | वित्तिय समानिकरण | संघिय सरकार | १९७४००००० |
| २ | शसर्त अनुदान | संघिय सरकार | १९३०००००० |
| ३ | वित्तिय समानिकरण | प्रदेश सरकार | १०९९९००० |
| ४ | शसर्त अनुदान | प्रदेश सरकार | १७२१९००० |
| ५ | विशेष अनुदान | प्रदेश सरकार | ५०००००० |
| ६ | समपुरक अनुदान | प्रदेश सरकार | २९९३९००० |
| ७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | मालपोत रजिष्ट्रेशन | ३५०००००० |
| ८ | राजस्व बाँडफाँड | विभाज्य कोष | १०५५००००० |
| ९ | आन्तरिक स्रोत | नागार्जुन न.पा. | ४१८१५०००० |
| १० | जिसंचित.स.स. कोष भवन निर्माण अनुदान | जि.स.स. | ७५०००००० |
| ११ | लागत सहभागिता | नागार्जुन न.पा. | १०००००००० |
| १२ | काठमाण्डौ महानगरपालिका अनुदान | का.पा.न.म. | १०००००००० |
| १३ | खानी तथा खनिज सम्बन्धि रोयल्टी | नागार्जुन न.पा. | १७०००००००० |
| **जम्मा** | | | १५९२२०७००० |

| नागार्जुन नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को अनुमानित व्यय रकम | | |
|---|---|---|
| सि.नं. | व्यय विवरण | रकम |
| १ | नगरस्तरिय गौरवका योजनाहरु **अनुसूची - १ मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरु** | २०५०००००० |
| २ | नगरस्तरीय योजना **अनुसूची २ मा उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरु** | १८५०००००० |
| ३ | वडास्तरीय योजना **अनुसूची - ३ उल्लेख भए बमोजिमका योजना तथा कार्यक्रमहरु** | १५०००००००० |
| ४ | नगर तथा वडा कार्यालय भवन निर्माण **अनुसूची - ४ उल्लेख भएका केन्दिय कार्यालय भवन तथा वडा कार्यालय भवनहरु** | १०००००००० |
| ५ | विपद तथा कोरोना व्यवस्थापन | २०००००००० |
| ६ | प्रशासनिक अनिवार्य खर्च | २००००००००० |
| ७ | संघिय सशर्त अनुदान | १९३०००००० |
| ८ | प्रदेश सशर्त तथा विशेष अनुदान | २२२१९००० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान र न.पा.ले व्यहोर्नुपर्ने ५०/५० रकम | २९९३९००० |
| १० | समपुरक अनुदान बापत नपाले व्यहोर्नुपर्ने रकम | ५०००००००० |
| ११ | भुक्तानी दिन बाँकी रकम | ३४०००००००० |
| १२ | विषयगत शाखा संचालन खर्च तथा कार्यक्रमहरु | ५७०४९००० |
| १३ | लागत सहभागिता योजनाको रकम | २०००००००० |
| १४ | कृषि बजार उद्योग ग्राम | १०००००००० |
| १५ | कृषि बिउबिजन तथा प्रविधि सहयोग | ५०००००० |
| १६ | कृषि सहुलियत ऋण | ५०००००० |
| **जम्मा** | | १५९२२०७००० |

# निर्णय नं. ३

माथि प्रस्ताव नं. १ को नगर सभा सम्बन्धमा छलफल गर्दा अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रत्येक वर्ष असार १० गतेभित्र आयव्ययको अनुमान नगर सभामा पेश गर्नुपर्ने भएकोले आगामी नगर सभा असार १० गतेका दिन यस नगरपालिकाको आर्थिक ऐन, २०७७ तथा विनियोजन ऐन, २०७७ पेश गर्ने निर्णय गरियो ।

# नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०७७

**सभाबाट स्वीकृत मिति २०७७/०३/१०**

नागार्जुन नगरपालिका अर्थ सम्बम्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकलाई सम्झनु पर्दछ ।

प्रस्तावनाः नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा ९२० बमोजिम नागार्जुन नगर सभामा पास गर्नको लागि यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः—** (१) यस ऐनको नाम **"नागार्जुन नगरपालिकाको आर्थिक ऐन, २०७७ "** रहेको छ ।

(२) यो ऐन २०७७ को चौथो नगरसभाले पास गरेपछि श्रावण १ गतेदेखि नागार्जुन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर घर/जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** नागार्जुन नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर बहाल करः-** नागार्जुन नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **उद्योग/व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाखँ , छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ९५० बमोजिमको कर लगाइनेर असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असलु उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८ **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापनकर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइनेर असलु उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ्ग शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेनिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेनिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनसार शुल्क लगाइनेर असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असलु उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनसुार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

# नागार्जुन नगरपालिकाको विनियोजन ऐन, २०७७

## नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि स्थानीय संचित कोषवाट केहि रकम खर्च गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन

**सभावाट स्वीकृत मिति - २०७७/०३/१०**

प्रस्तावना : नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नगरसभामा पेश गर्नको लागि सिफारीस गर्ने निर्णय गरियो ।

नेपालको सविंधानको धारा २२९ को उप-धारा २ वमोजिम नागार्जुन नगरपालिकाको विधेयक समितिले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम नागार्जुन नगरपालिकाको विनियोजन ऐन २०७६ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पास भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त संञ्चित कोषवाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७/७८ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पुजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१,५४,४२,०७,०००/- अक्षरुपी एक अर्ब चौवन्न करोडमा बयालिस लाख सात हजार मात्र निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन :**(१) यस ऐनदारा संञ्चित कोषवाट खर्च गर्न दिईएको रकम आर्थिक वर्ष २०७७/७८ को निमित्त नागार्जुन नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयतगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकवाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकवाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ । पूजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकवाट सो शिर्षकको रकम जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढि शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

**अनुसूची - १**

**दफाः २ संग सम्वन्धित**

**नेपालको संविधानको धारा २२९ (२) वमोजिम**

**संञ्चित कोषवाट विनियोजन हुने रकम**

| क्र.स | शिर्षकको नाम | चालु खर्च | पूजिगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | नगरकार्यपालिका | ५३,०१,६८,००० | १,०६,२०,३९,००० | - | १,५९,२२,०७,००० |

## निर्णय नं. ४

यसमा विभिन्न वडाबाट चालु आ.व. २०७६/०७७ मै संचालन गर्न अत्यावश्यक भनि सम्बन्धित वडाबाट माग भई आएकोले उक्त योजनाहरू चालु आ.व. २०७६/०७७ मा नगरस्तरीय योजनाहरूका विभिन्न शिर्षकहरूमा विनियोजित रकमबाट योजना कार्यान्वयन गर्दा ठेक्का प्रकृयामा कम लागतमा ठेक्काका लागि बचत रकम, योजना कार्यान्वयन नभई बचत हुने रकम तथा आन्तरिक श्रोतको रकमबाट योजना संचालन गर्ने गरी उक्त अत्यावश्यक भनि सम्बन्धित वडाबाट सिफारीस भई आएका तपसिलमा उल्लेखित योजनाहरू नगर सभाबाट अनुमोदन हुने गरी कार्यान्वयन हुने व्यवस्थाको नगरकार्यपालिकाको बैठकबाट अनुमोदन गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल:</u>

| सि.नं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १ | मंगलनगर बाटो ढलान तथा शाखा बाटो निर्माण | २ | ४५००००० |
| २ | सुमार्ग बाटो ढलान उ.स. | २ | ४०९८२५० |
| ३ | चम्पादेवी टोल सडक ब्लक राख्ने | २ | ४३१६५०० |
| ४ | सानो भऱ्याङ्ग सुन्दर टोल बाटो ढलान तथा ब्लक राख्ने | २ | २९००००० |
| ५ | उमागाउ बाटो ढलान तथा ड्रेन निर्माण | ६ | ३८००००० |
| ६ | इचंगुनगर आदेशवर क्षेत्र ढल व्यवस्थापन | ३ | ४९३१३० |
| ७ | ढोलङ्गे बाटो ढलान | ३ | १७४६००० |
| ८ | वडा नं. ७ बाटो ढलान | ७ | ४५४६१२० |
| ९ | सिमधारा खानेपानी वडा नं. ६ | ६ | ३५००००० |
| १० | जयन्ती गाउ खानेपानी | ६ | २५००००० |
| ११ | श्यामेश्वर खानेपानी | ६ | १०९५००० |
| १२ | वडा नं. २ को खानेपानी आयोजना | २ | २८६५००० |
| १३ | हसन्टार खानेपानीको डि.पि.आर.तयार गर्ने कार्य | ७ | ५००००० |
| १४ | वडा नं. ३ कालिका माई सामुदायिक भवन फिनिसिङ्ग | ३ | ४९००००० |
| १५ | क्रियापुत्री सामुदायिक भवन वडा नं. ५ | ५ | १४००००० |
| १६ | श्रीबाल विकास मा.वि. रानीवन ट्रष्ट निर्माण वडा नं. १ | १ | १०८०००० |
| १७ | सामुदायिक दाहालबन्दु कुल देवता भवन वडा नं. ७ | ७ | १०००००० |
| १८ | सामुदायिक गोतामे गौतम कुल देवता पुजा भवन | ७ | १०००००० |
| १९ | तीनधारा खानेपानी ट्यांकी निर्माण | २ | ४५००००० |
| २० | कोट्श्य भैरव योगध्यान केन्द्र (ठेक्का प्रकृया) | ६ | १२९९५४६६.११ |
| २१ | पुरी गाउ सडक | ७ | ५९१८०७९.८१ |
| २२ | सनराईज भित्री सडक ढलान | १ | १९००००० |

## निर्णय नं. ५

यसै नागार्जुन नगरपालिका वडा नं. १ देखि १० सम्म कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट घोषणा भएको लकडाउनको समयमा राहत वितरण गर्ने क्रममा तोकिएको बजेट भन्दा बढी राहत वितरण भएकोमा नगरपालिकाबाट राहत वितरण कार्यको लागि उपलब्ध गराईएको पेश्की फर्छ्यौट गरी बाकी नपुग सोधभर्ना रकम वडाबाट माग भए बमोजिम भुक्तानी गरी आगामि नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | वडा नं. | पेश्की रकम रू. | खर्च रकम रू. | नपुग खर्च रकम रू. | जम्मा खर्च रकम रू. |
|---|---|---|---|---|---|
| १ | १ | ८००००० | ८००००० | ३४१३९२ | ११४१३९२ |
| २ | २ | ९००००० | ९००००० | १३९२५५८।७५ | २२९२५५८।७५ |
| ३ | ३ | ९००००० | ९००००० | १३३१२६५।०८ | २२३१२६५।०८ |
| ४ | ४ | ९००००० | ९००००० | ६६५६४५।६६ | १५६५६४५।६६ |
| ५ | ५ | ७००००० | ७००००० | ४८३९६ | ७४८३९६ |
| ६ | ६ | ९००००० | ९००००० | ३५०२६५ | १२५०२६५ |
| ७ | ७ | ६००००० | ६००००० | ६९३८१।४९ | ६६९३८१।४९ |
| ८ | ८ | ६००००० | ६००००० | १४३६८१।९७ | ७४३६८१।९७ |
| ९ | ९ | ६००००० | ६००००० | २१५१९६ | ८१५१९६ |
| १० | १० | ७००००० | ७००००० | १८८२५०।११ | ८८८२५०।११ |
| जम्मा | | ७६००००० | ७६००००० | ४७४६०३२.०६ | १२३४६०३२.०६ |

## निर्णय नं. ६

सहकारी भवन निर्माणको लागि प्रति वर्गफिट रू.५ नक्सा पास दस्तुर लिने निर्णय गरियो ।

## निर्णय नं. ७

नगरपालिकाको लागि आवश्यक पर्ने तपसिल अनुसारका कार्यविधिहरू बनाई लागू गर्ने निर्णय गरियो ।

१. फोहोरमैला व्यवसथापन कार्यविधि
२. सहकारी सञ्चालन कार्यविधि
३. प्राविधिक कलेज सञ्चालन कार्यविधि
४. खानेपानी सञ्चालन तथा व्यवस्थापन कार्यविधि
५. बधशाला सञ्चालन कार्यविधि
६. शहरी सौन्दर्य कायम राख्ने कार्यविधि
७. रज्जु मार्ग (Rope Way) सञ्चालन कार्यविधि
८. नगर यातायात सञ्चालन कार्यविधि
९. On Line Class सञ्चालन कार्यविधि
१०. वडास्तरीय मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि
११. सामुदायिक भवन व्यवस्थापन कार्यविधि
१२. व्यवसायिक कृषि खेती प्रवर्द्धन कार्यविधि
१३. विपद व्यवस्थापन कार्यविधि
१४. सम्पतीकरण नियमावली
१५. खानी सञ्चालन सम्बन्धी कार्यविधि

# अनुसूची ५

प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत प्रस्तावित सशर्त, समपुर र विशेष अनुदान तर्फका योजनाहरूको विवरण:

| प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फका योजनाहरूको विवरण | | |
|---|---|---|
| सि.नं. | योजनाको नाम | रकम |
| १ | महिला स्वास्थ्य स्वंय सेवीकाहरूका लागि संचार खर्च | २४३००० |
| २ | न्युनतम सेवा मापदण्ड (Mimimum Service Standard MSS) सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के./हे.पोलाई ससत अनुदान) | २५०००० |
| ३ | शहरी स्वास्थ्य केन्द्र संचालन अनुदान | ७००००० |
| ४ | एक विद्यालय एक नर्स कार्यक्रम संचालन निरन्तरता तथा विस्तार | १५६५००० |
| ५ | माध्यमिक तहमा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अंग्रेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ४६८००० |
| ६ | प्रारम्भिक बालविकास कक्षाका शिक्षकहरूलाई प्रोत्साहन खर्च | २४७००० |
| ७ | बाल विवाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम | ३००००० |
| ८ | अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सहयोग कार्यक्रम | ३००००० |
| ९ | बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | ३००००० |
| १० | बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम | ९६००० |
| ११ | स्थानीय तहमा मिनि/डिजिटल मोबाईल माटो ल्याव स्थापना तथा परीक्षण कार्य सङ्चालनको लागि सशर्त अनुदान | ५००००० |
| १२ | स्थानीय तह/सहकारी/समूह/निजि क्षेत्रको सहकार्यमा तरकारी तथा फलफुल संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटबजार निर्माण | १०००००० |
| १३ | गाई प्रवर्द्धन कार्यक्रम (स्थानीय तह) | १२५०००० |
| १४ | बृहत उद्यानपार्क तथा याग केन्द्र नागार्जुन ३ | ३०००००० |
| १५ | खौपाटोल प्रवेश मार्ग लामाथुम्की सडक स्तरोन्नती नागार्जुन ४ | ३५००००० |
| १६ | खड्का गाउ कानपुर पाखुरे फेदी सडक नागार्जुन ८ | ३५००००० |
| जम्मा | | १७२१९००० |

| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान तर्फका योजनाहरूको विवरण | | |
|---|---|---|
| सि.नं. | योजनाको नाम | रकम |
| १ | सानो भऱ्याङ्ग आर्मिगेट हुदै देवनगर सडक वडा नं. २ | ९९९९००० |
| २ | स्वयम्भू चोक हलचोक हुदै इचंगुनारायण मन्दिर सडक वडा नं. ३ | ९९९०००० |
| ३ | महांकाल मन्दिर हुदै महन्ताको पहिरो हुदै सडक निर्माण वडा नं. ६ | ९९५०००० |
| जम्मा | | २९९३९००० |

| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान तर्फका योजनाहरूको विवरण | | |
|---|---|---|
| सि.नं. | योजनाको नाम | रकम |
| १ | हसन्टार खानेपानी योजना | ५०००००० |
| जम्मा | | ५०००००० |